नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## जानकारी सम्वन्धमा

मितिः २०८३/०५/१९

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित कामदार तथा समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख प्रगति सम्वन्धमा निम्नानुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनाको सुरुङबाट दुई जनाको सकुशल उद्धार गरिएको। उद्धार हुनेहरूमा सञ्जय शाह (मेकानिकल फोरम्यान) र कवीर महर्जन (मेकानिकल सुपरभाइजर) रहेका छन्। उद्धार गरिएका दुवै कर्मचारीको स्वास्थ्य अवस्था सामान्य रहेको। उनीहरूको हाल छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालको आईसीयू (ICU) मा उपचार भइरहेको। साथै नेपाल विद्युत् प्राधिकरणका इलेक्ट्रिकल सुपरभाइजर संजोग केसी सहित नेपाली सेनाको उद्धार टोली माथिल्लो त्रिशूली-३ ए को पावर हाउसभित्र प्रवेश गरी अन्य सम्पर्कविहीन जनशक्तिको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिइरहेको।

२. ह्याप्पी इनर्जी लिमिटेडले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २० लाख रुपैयाँ सहयोग गरेको। सहयोग रकम ग्रहण गर्दै माननीय मन्त्रीज्यूले विपद्को कठिन परिस्थितिमा सहयोग गर्ने सवैप्रति आभार व्यक्त गर्दै आर्थिक सहयोगसँगै नैतिक, भौतिक तथा प्राविधिक सहयोगको पनि उत्तिकै आवश्यकता रहेको बताउनु भएको।

३. रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाको वडा नं २ र वडा नं ३ को अवरुद्ध भएको विद्युत् सेवा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको प्रभावकारी परिचालन गरी आवश्यक मर्मत तथा पुनःस्थापना कार्य सम्पन्न गर्दै पुनः सुचारु गरिएको। साथै विद्युत सेवा अवरुद्ध भएका अन्य स्थानमा स्थानीय स्तरमा उपलब्ध प्राविधिक जनशक्ति तथा आवश्यक उपकरणको प्रयोग गरी विद्युत आपूर्ति नियमित बनाउने कार्य भइरहेको। तत्काल विद्युत सेवा उपलब्ध गराउन बाँकी क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट सोलार प्रणाली वितरण गरी सेवा प्रदान गरीरहेको।

नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

४. जलविद्युत् आयोजनाका सुरुङहरूमा फसेका कामदार तथा कर्मचारीहरुको उद्दारको लागि नेपाली सेना, भारतीय सेना, चाईनिज तथा कोरियन विज्ञ साथै आयोजनाका इन्जिनियरहरूको संयुक्त टोलीबाट निरन्तर खोज तथा उद्धार कार्य भइरहेको। हालसम्म सुरुङभित्र विभिन्न स्थानमा पुगेर रेकी, ब्लास्टिङ, होल निर्माण तथा लेदो हटाउने कार्य जारी रहेको। क्षतिग्रस्त तथा अवरुद्ध सुरुङ खोल्न थप Excavator, Back Loader, Bobcat लगायतका उपकरण परिचालन गरी उद्धार अभियानलाई तीव्रता दिइएको।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता